थाहानगर प्रमुख विष्ट स्काउटबाट दिक्षित । पृष्ठ ४ मा

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक

विकास खबरपत्रिका राष्ट्रिय साप्ताहिक

कार्यालय:
थाहा नगरपालिका-४
मकवानपुर
सम्पर्क नं.
९८०७१५३३००
इमेल:
bikaskhabar@gmail.com



● मकवानपुर, वर्ष-१४, ● अंक-५१ ● २०७९ असार २० गते सोमबार, ● 04 July 2022, ● नेपाल सम्वत्-११४२, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

# प्रविधि हस्तान्तरणमा लाभग्राही बने थाहाका अपाङ्गता भएका व्यक्ति

विकास संवाददाता
थाहानगर




मकवानपुर थाहा नगरपालिका वडा नम्बर १ का पूर्ण अशक्त अपाङ्गता भएका अमिर भोम्जनले थाहा नगरपालिकाबाट सहयोग पाएका छन् । उद्यमी तथा अपाङ्गता भएकाहरूका लागि प्रविधि हस्तान्तरण कार्यक्रम अन्तर्गत भोम्जनले १८ असारमा सामाग्री सहयोग पाएका हुन् । मुखैले चित्र कोर्ने कला भएका भोम्जनालाई पेन्टिङ सामाग्री सहयोग पाएका हुन् । उनले नगरपालिकाले गरेको सहयोगगप्रति खुशी व्यक्त गरे । उनले भने–'नगरपालिकाले अपाङ्गता भएका व्यक्तीहरूको लागि व्यवसायिक प्रविधी हस्तान्तरण कार्यक्रममा मलाई पनि पेन्टिङको सामाग्री दिनु भएकोमा धेरै खुशी लागेको छ, अझै थप केही गर्नलाई उत्साह जागेको छ । आगामी दिनमा पनि यसैगरी अपाङ्गता भएका व्यक्तीहरूलाई साथ सहयोग र राम्रो वातावरणको सृजना गर्दै जानू होला भन्दै धेरै धेरै धन्यवाद ।' भोम्जनसहित अपाङ्गता भएका ७ जनालाई नगरपालिकाले सहयोग गरेको थाहा नगरपालिकाकी महिला, बालबालिका तथा अपाङ्गता परिचयपत्र वितरण शाखा प्रमुख प्रतिमा मोक्तानले जानकारी दिइन् । त्यस्तै वडा कार्यालयको सिफारिसमा विपन्न परिवारलाई पनि प्रविधि हस्तान्तरण कार्यक्रम अन्तर्गत सामाग्री सहयोग गरिएको मोक्तानले बताइन् ।

थाहा नगरपालिका सामाजिक विकास विकास समिति संयोजक दिनेश बलको विशेष उपस्थितीमा भएको सामाग्री वितरण कार्यक्रममा नगरपालिकाका सामाजिक विकास शाखा प्रमुख अनिल लामिछाने, महिला, बालबालिका तथा अपाङ्ग परिचयपत्र वितरण शाखा प्रमुख प्रतिमा मोक्तान, थाहानगर अपाङ्ग सरोकार समिति अध्यक्ष मनलाल गोपालीलगायतकाको सहभागिता रहेको थियो ।


### कला नै सहारा: अमिर

'भाइ, बहिनी खेलेको देख्दा म आफैं पनि त्यहाँ खेलिरहेको अनुभूति हुन्थ्यो । मेरो मन, मस्तिष्क त्यहाँ पुगेको जस्तो लाग्थ्यो । 'दिनभरिको प्यास मेटाउन आफ्नै थुक निलेर प्यास मेटाएको मान्छे हुँ म ।' करूणा फाउन्डेसनले काठमाण्डौमा शारीरिक तथा मानसिक रूपमा अशक्त भएका व्यक्तिको यौन तथा प्रजनन स्वास्थ्य अधिकारका विषयमा रहेर तयार गरिएको वृत्तचित्र सार्वजनिक कार्यक्रममा २२ वर्षीय अमिर भोम्जनले आफ्नो जीवन, संघर्ष र सफलताका कथा सुनाए । वृत्तचित्रमा उनै भोम्जन र उनकी श्रीमती पुष्पालाई देख्न सकिन्छ । वृत्तचित्र सार्वजनिक कार्यक्रममा उनका चित्रकला प्रदर्शन गरिएको थियो ।

मकवानपुर थाहा नगरपालिकास्थित खानी गाउँका बोम्जन जन्मजात शारीरिक रूपमा अशक्त छन् । हातखुट्टा नचल्ने उनी चित्रकार तथा गायक पनि हुन् । उनी मुखैले चित्र कोर्छन् र कुची च्यापेर क्यानभासमा रङ भर्छन् । 'कला मनोरञ्जन मात्र होइन, मान्छेको मनसँग जोडिने रहेछ,' उनले भने, 'कलाकारिता नै मेरा लागि सबैथोक भएको छ । यसैमा सुख, दुःख सबै पोख्छु ।' आफूले बनाएका चित्रको मूल्य उनले १० हजारदेखि १ लाख रुपैयाँसम्म राखेका छन् ।

२०७२ को भूकम्पछि भने उनको जीवनमा खुसी भित्रियोरू। शारीरिक तथा मानसिक रूपमा अशक्त भएका व्यक्तिहरूको क्षेत्रमा काम गरिरहेको करूणा फाउन्डेसन र बोम्जनबीच सम्पर्क भयो । फाउन्डेसनले उनलाई काठमाडौं ल्याएर चित्र तथा संगीत प्रशिक्षणको वातावरण बनाइदियो । उनले चित्रकार किरण मानन्धर र संगीत सर्जक न्हु बज्राचार्यसँग चित्र र संगीतबारे केही ज्ञान लिने मौका पाए ।

फाउन्डेसनकै सहयोगमा उनी चित्रकला प्रदर्शनीका लागि ताइवानसम्म पुगिसकेका छन् ।



मान्छेले सुखमा मात्तिने र दुःखमा आत्तिने स्वभाव राख्नु हुँदैन भन्ने बोम्जनले बुझेका छन् । भन्छन्, 'रोएर, टाउको फुटाएर सबै कुरा हुने होइन । आफूलाई विश्वास गरी अगाडि बढ्न सकेमा सोचेको जस्तै हुने रहेछ ।' अहिले बोम्जन गायक तथा व्यावसायिक चित्रकारका रूपमा चिनिएका छन् । उनका ८ महिनाकी छोरीसहितको सुखी परिवार छ । श्रीमतीले उनको हेरचाह गर्छिन् ।

शारीरिक रूपमा अशक्त र फरक क्षमता भएका व्यक्तिहरूमाथि परिवार, समाज र राज्यले हेर्ने दृष्टिकोण नै परिवर्तन हुनुपर्ने फाउन्डेसनका कार्यकारी निर्देशक दीपकराज सापकोटाको धारणा छ । शारीरिक तथा मानसिक रूपमा अशक्त भएकाको जीवन सहज बनाई उनीहरूलाई आत्मनिर्भर बनाउन राज्यको नीति राम्रो हुनुपर्ने उनले बताए ।

## थाहा नगरपालिकाले थाल्यो इ-पेमेन्ट

◆ विकास संवाददाता

मकवानपुरको थाहा नगरपालिकाले इ-पेमेन्ट अर्थात अनलाइन भूक्तानी प्रणाली शुरू गरेको छ । नगरपालिकाले चालु आर्थिक वर्षको १७ असारसम्म मात्र एकसय बढि आपूर्तिकर्ता, निर्माण व्यवसायी तथा व्यक्तिहरूको भूक्तानी इ-पेमेन्ट मार्फत गरिसकिएको थाहा नगर पालिकाका लेखा अधिकृत हरि बहादुर खपाङ्गी मगरले जानकारी दिए ।

त्यसैगरी थाहा नगरपालिकाले संघीय संचित कोषमा जम्मा हुने सबै खाले कर तथा निर्माण व्यवसायी, परामर्शदाता, आपूर्तिकर्ता र अन्य सेवा प्रदायक संस्था र व्यक्ति सबैको कट्टी गरेको विभिन्न कर समेत इ-टिडिएस गर्ने कार्य थालिसकेको छ । नेपाल सरकारले विकास गरेका प्रणाली तथा प्रविधि प्रयोगमा ल्याइर हँदा यसबारे आम सरोकारवालालाई सुसुचित गराउन सके थप प्रभावकारी हुने लेखा अधिकृत खपाङ्गी मगरले जानकारी दिए ।

पूर्ण रूपमा ई-पेमेन्ट कार्यान्वयनका ल्याउनका लागि पालिकाबाट भूक्तानी लिनेको बैंक खाता अनुसारको नेपाली तथा अंग्रेजी नाम, बैंकको नाम, शाखा, खाता नम्बर र सम्बन्धितको प्यान वा भ्याट नम्बर अनिवार्य हुनुपर्ने उनले जानकारी दिए ।

पालिकाले १७ असारसम्म एक करोड बढिको भुक्तानी इ-पेमेन्ट मार्फत गरिसकेको लेखा अधिकृत खपाङ्गी मगरले जानकारी दिए । 'हामीले आपूर्तिकर्ता, निर्माण व्यवसायी, संस्थागत व्यक्तिगतलगायतको इ-पेमेन्ट गरिरहेका छौँ, असार महिनाको कर्मचारीको तलब ई-पेमेन्ट गर्ने तयारी पूरा भएको छ'- खपाङ्गी मगरले भने-'आगामि आर्थिक वर्ष २०७९/०८० बाट पूर्णतः इपेमेन्ट प्रणाली प्रयोगमा ल्याउँछौं ।'

पालिकाले आगामि आर्थिक वर्षबाट सबै खाले खरिद वस्तु, निर्माण कार्य, परामर्शदाता र अन्य सेवाको खरिदको लागि खरिद इकाइ, मुल्याङ्कन समिति र रूजु समितिलाई समेत थप क्रियाशील गराई सेवा प्रवाह गरिने नगरपालिकाले जनाएको छ ।

त्यसैगरी थाहानगरमा तिर्नुपर्ने करलाई पनि पूर्णतः अनलाईन प्रणाली बनाइने प्रमुख प्रशासकीय अधिकृत हरिलाल पुरीले जानकारी दिए ।



## • सम्पादकीय •

### काम मात्रै हैन अब 'नमुना' काम पनि गरौं

अहिले स्थानीय तहको निर्वाचन सम्पन्न भएर नयाँ जनप्रतिनिधिले दोस्रो कार्यकाल शुरु गरिसकेका छन् । निर्वाचनलगत्तै आफैले नीति तथा कार्यक्रम र वार्षिक बजेट तयार गरेर कार्यकाल शुरु गरेका हुन् । केही पालिकाका जनप्रतिनिधिले नमूना गर्न खोजे पनि अघिल्लो कार्यकाल धेरै जनप्रतिनिधिका लागि सिकाइमै बित्यो । कतिपय नयाँ पालिका भएकाले पनि उनीहरुले भौतिक संरचना निर्माण गर्नेदेखि कानुन निर्माणका काम गरे । एक हिसाबले हेर्दा स्थानीय तहका जनप्रतिनिधिको पहिलो कार्यकाल स्थानीय सरकारको जग हाल्नु थियो भने अब दोस्रो कार्यकालमा आएका जनप्रतिनिधिले नमूना काम गर्नुपर्छ । अघिल्लो कार्यकालको तुलनामा यसपटक स्वतन्त्रबाट पालिका प्रमुख बढी निर्वाचित भएका छन् । काठमाडौं, धरानलगायतका पालिकामा स्वतन्त्रबाट निर्वाचित प्रमुखहरुले नमूना काम गर्न पनि खोजिरहेका छन् । काठमाडौंमा सरसफाइको क्षेत्र, सार्वजनिक शौचालयको दायरा विस्तार, पूर्वाधार एम्बुलेन्स सेवालगायतका केही नयाँ कामको थालनी भएको छ भने धरान उपमहानगरपालिका मेयर त देशभरिमै उदाहरणीय बनिरहेका छन् । आफैले नेतृत्व गरेर जनपरिचालनमार्फत उनले एउटा खानेपानी सुविधा विस्तारमा नमूना देखाइरहेका छन् । त्यस्तै अन्य केही स्थानीय तहले पनि सानै भए पनि नमूना काम गरिरहेका छन्, यी अरु स्थानीय तहका लागि पनि अनुशरणीय हुनेछन् ।

सुधारका काम सानैबाट शुरु गर्नुपर्छ किनकि जनताको जीवन सानासाना कुरामा नै अडिएको हुन्छ । अहिले स्थानीय सरकारका सामु देखिएको अवसर र चुनौतीको अन्तरद्वन्द्व पनि यही हो कि के कामलाई सानो मान्ने र के कामलाई ठूलो ? जनताको आँखाबाट हेर्दा जसले जनताको जीवनमा प्रत्यक्ष परिवर्तन ल्याउँछ, त्यही नै ठूलो काम हो । बाह्य पेय पदार्थले ढाकेको बजारमा क्रमशः आन्तरिक दूग्धजन्य पदार्थ हावी हुँदै गयो भने जनताको आयआर्जनमा पनि बृद्धि हुन्छ र सेवाग्राहीको स्वास्थ्यमा पनि । आखिर सेवाग्राही भनेका पनि त नेपाली नै हुन् । स्थानीय सरकार जनताका सबैभन्दा नजिकका साथी हुन्, शासक होइनन् । उनीहरुले जनताको जीवनमा प्रत्यक्ष परिवर्तन ल्याउन साना–साना कामबाट शुरु गर्नुपर्छ, स्रोत साधनले धानेको खण्डमा ठूला काम पनि गर्ने नै हो । जनताको मनस्थिति परिवर्तन गर्ने, उनीहरुलाई आत्मनिर्भर बन्न प्रेरित गर्ने, उनीहरुलाई समाजमा मिलेर बस्न सिकाउने र अन्ततः जनताको जीवन परिवर्तन उनीहरुकै सत्प्रयासबाट हुन्छ भन्ने सत्यलाई स्थापित गर्न सके सरकारको भूमिका नै न्यून हुँदै जान्छ ।

धरान उपमहानगरकै उदाहरण हेर्ने हो भने जनप्रतिनिधि आफैले एउटा सपनासहित भौतिक नेतृत्व गरेर कामको थालनी गर्ने हो भने लाखौं बजेटले नपुग्ने योजना जनता आफैले श्रम गरेर पनि फत्ते गर्दारहेछन् भन्ने देखिएको छ । यसमा चाहिने मात्र इच्छाशक्ति, त्याग र समर्पण हो । राजनीति सेवा हो भने जनप्रतिनिधि सेवक हुन् भन्ने भावना मात्रै स्थापित गर्न सक्ने हो भने सुधारका योजना जनताबाटै आउँछन् र जनताले नै लागु गर्छन्, त्यसको नेतृत्व गर्ने काम मात्रै हो, जनप्रतिनिधिको । तसर्थ नयाँ निर्वाचित भएर आएका जनप्रतिनीधिले साँच्चै नमुना काम गर्न अग्रहसर हुनु पर्दछ । यसले नागरिकमा विश्वासको चुली बढाउँछ भने जनप्रतिनीधिको क्षमता र बौद्धिकता पनि प्रष्ट्याउँछ ।


### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:०० | बजे हेटौडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: ०० | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:०० | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १०:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १०:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १०:३० | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३० | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३० | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३० | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३० | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३० | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३० | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:०० | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३० | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*


### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |

# कहिल्यै नसुध्रिने असारे विकासको रोग



कमलराज ढुङ्गेल

**मलजल र सिँचाइको अभावले किसानहरू जमीन बझ्याउन बाध्य छन् । यसले किसानलाई असारे चटारोले पिरोल्न छोडेको छ । तर, यही चटारो विकास कार्यमा संलग्न हुने सरकारी क्षेत्रका ठेकेदारहरुलाई परेको देख्न सकिन्छ । असार कसै न कसैलाई लाग्नुपर्ने हो किसानको सट्टामा ठेकेदारलाई लागेको छ ।**

असारमा धान रोप्न कृषकलाई भ्याइनभ्याई हुन्छ । यो समयमा धान नरोपे मङ्सिरमा पाक्दैन । जेठदेखि भदौ महीनासम्म वर्षभरिको ७५ प्रतिशत वर्षा हुन्छ । नेपालको कृषि प्राकृतिक वा आकाशे वर्षामा आधारित भएकाले यो ४ महीना किसानलाई चापाचाप हुनु कुनै अनौठो होइन, स्वाभाविक प्रक्रिया हो । नेपाली उखानै छ असार महीना 'मानु खाएर मुरी उब्जाउने' दिन हो । मैले बाल्यकालमा देखेको र आजसम्म अनुभव गरेको अर्थतन्त्र पनि यही हो । यो आर्थिक प्रणालीले नेपाललाई स्वाभिमानी बनाएको थियो । केही वर्ष यतादेखि अर्थतन्त्रले अनौठो मात्र होइन, अपत्यारिलो बाटो लिएको आभास पाइन थालेको छ । त्यो हो, परजीवी अर्थतन्त्र ।

अर्थतन्त्रले हालसम्म दिगो विकास हुने गरी अरू क्षेत्रमा फड्को मार्न सकेको छैन । कृषि नै अर्थतन्त्रको मेरूदण्डका रूपमा रहेको छ । किसानलाई आवश्यक पर्ने मलखाद र बीउबिजन उपलब्ध गराउन सरकारले वचनबद्धता गरेको हुन्छ । यसका लागि गहकिलो धनराशीको पनि बाँडफाँट गरिएको देखिन्छ । तर, खेतीपातीको समयमा मलखादको मागअनुसार आपूर्ति हुँदैन । मलजल र सिँचाइ अभावले किसान जमीन बझ्याउन बाध्य छन् । यसैले किसानलाई असारे चटारोले पिरोल्न छोडेको छ । तर, यही चटारो विकास कार्यमा संलग्न हुने सरकारी क्षेत्रका ठेकेदारहरूलाई परेको देख्न सकिन्छ । २ महीनाको अवधिमा काम सिद्ध्याएर भुक्तानी लिने, बिलभर्पाई बनाउने र भुक्तानी लिन सम्बद्ध निकायमा धाउने । जेहोस्, असार कसै न कसैलाई लाग्नुपर्ने हो, किसानको सट्टा ठेकेदारलाई लागेको छ ।

महालेखा परीक्षकको प्रतिवेदनअनुसार आर्थिक वर्ष (आव) २०७८/७९ मा ३ खर्ब ४० अर्ब ३२ करोड रूपैयाँ पूँजीगत खर्च हुने संशोधित अनुमान थियो । २०७८ साउनदेखि २०७९ वैशाख (१० महीना) सम्ममा जम्मा १ खर्ब १८ अर्ब रूपैयाँ मात्र खर्च भएको थियो, जुन पूँजीगत खर्च लक्ष्यको जम्मा ३१ दशमलव ३ प्रतिशत मात्र हो । बाँकी सबै रकम अर्थात् खर्च लक्ष्यको ६९ प्रतिशत रकम बाँकी रहेका २ महीनामा खर्च गर्नुपर्ने बाध्यता देखिन्छ । नेपालको विकास होस् वा नहोस् मतलब हुँदैन, सरकार रकम खर्चलाई मात्र प्राथमिकता दिन्छ । यो प्रक्रियाले विगतका दशकहरूदेखि नै निरन्तरता पाइरहेको छ ।

महालेखाको पछिल्लो प्रतिवेदनअनुसार ३१ जेठ २०७९ सम्ममा विकास बजेटको खर्च जम्मा १ खर्ब ३७ अर्ब रूपैयाँ मात्र थियो । उक्त रकम २०७९ असार २५ मा १ खर्ब ८९ अर्ब पुगेको छ । यो विकास बजेट खर्चको करीब ५० प्रतिशत हो । कृषि, पूर्वाधार, (सडक, बिजुली, पुलपुलेसा, ढल निर्माण आदि) को विकास र उद्योग व्यवसायको विकासमा खर्च गरिने रकमलाई पूँजीगत खर्च भनिन्छ । कृषि विकासका लागि मलखाद र बीउबिजन समयमा आपूर्ति गर्न प्रतिबद्धता पनि गरिएको हुन्छ । कृषिमा उत्पादन र उत्पादकत्व बढाई नेपाललाई खाद्यान्नमा आत्मनिर्भर बनाउने कुराले महत्त्व नै पाइरहेको हुन्छ । यसका लागि पूर्वाधार (सिँचाइ) को विकासका लागि पूँजीगत रकमको बाँडफाँट पनि भएको हुन्छ । तर, सिँचाइ सुविधा नपाएर बालीनाली लगाउन कृषकहरू मौसमी वर्षा पर्खिरहेका हुन्छन् । मलखाद र बीउबिजनको आपूर्ति खेतीपातीको समयमा नभई बेमौसममा हुने गर्छ । यसको अभावले कृषि उत्पादन र उत्पादकत्वमा ह्रास हुने गरेको छ ।

पूर्वाधार विकासअन्तर्गत सडक तथा ढल निर्माण गर्ने कार्य पनि पर्छ । यो काम साधारणतया स्थानीय निकायले गर्ने गर्छन् । उदाहरणका लागि कुनै एउटा स्थानीय निकायलाई काल्पना गरौं । मानौं, आधा किलोमीटरभन्दा कम सडकमा ढल बिछ्याउने कार्य चैत महीनाबाट शुरू हुन्छ, असार महीनामा सम्पन्न हुने गरी । यो सीमित सडकको लम्बाइलाई तीन टुक्रामा विभाजन गरिन्छ । र, आआफैने ठेकेदारहरूलाई जिम्मेवारी दिइएको हुन्छ । एकथरी वडा सरकारको, अर्कोथरी नगरपालिका वा गाउँपालिका सरकारको र झन् अर्कोथरी प्रदेश सरकारको । ठेकेदार मात्र होइन, आवश्यक खर्च गरिने रकम पनि आआफैने । ढलमा राखिने सिमेन्ट पाइपको ढुवानी पनि तीनथरी ठेकेदारले गर्ने गरी तय गरिएको हुन्छ । ढल निकासका लागि आवश्यक पर्ने सामग्री जस्तै पाइप, मंगाल बनाउन आवश्यक पर्ने इँटा, सिमेन्ट बालुवा आदिको व्यवस्था पनि तीनैथरी सरकारले आआफैना ढंगले बन्दोबस्त गर्ने प्रावधान हुँदो रहेछ । ढल निकासका लागि बिछ्याउन ल्याइएका सिमेन्टका पाइप ढुवानी गर्ने ट्रकबाट निर्माणस्थलमा झार्दाझार्दै टुक्राटुक्रामा विभाजित हुन पुग्छ । त्यही टुक्रिएको सिमेन्टको पाइपलाई राम्रोसँग मिक्स नगरेको सिमेन्ट र बालुवाले जोडिन्छ, पोतिन्छ । पाइपलाई नालामा राख्दा फेरि फुट्छ । यत्तिकैमा हत्त नपत्त त्यसलाई दायाँबायाँ दुवैतिर थुपारेको माटोले छोपिन्छ । घर घरबाट ढल कटाउन मंगालको आवश्यकता पर्छ । तर, मंगाल राख्ने प्रावधान नै छैन । त्यसैले मंगाल नै राखिँदैन । टुटेफुटेको ढल त निर्माण हुन्छ तर मंगालविनाको ।

ठेकेदार र स्थानीय सरकारहरूको उपस्थिति निर्माण स्थलमा हुँदैन न प्राविधिक न प्रशासनिक । उपभोक्ताको उपस्थिति स्वस्फूर्त रूपमा हुन्छ तर ठेकेदारका अगाडि यो उपस्थिति निरीह हुन पुग्छ । एउटा कुनै अनुभव नभएको मान्छेको जिम्मामा काम गर्न लगाइन्छ । अब कल्पना गरौं, यसरी निर्माण गरिएको कार्यको गुणस्तर कस्तो होला ? यो त एउटा सानो उदाहरण मात्र हो । बनाउँदा बनाउँदै पुल भाँचिएका वा भासिएका थुप्रै घटनाको सूची बनाउन सकिन्छ ।

जसरी भए पनि ढलको पुरपार त भयो । वर्षायाम शुरू भएका कारण बाटो हिलाम्ये मात्र होइन, सडकका खाल्टाखुल्टीमा पानी जम्न लाग्यो । त्यसमाथि सामान ओसार्ने टिपरको आवतजावत । सयौं बालबालिकाको विद्यालय जाने सडकका साथै त्यस क्षेत्रमा रहेका घरपरिवारहरूको दैनिक आवश्यकताका वस्तुको किन्न जाने बाटो । विद्यालय जान लागेका बच्चाहरूले विद्यालयमा लगाउने जुत्ता हातमा बोकेर हिँडेको दृश्यले जोकोहीको पनि आँखाबाट आँसु बहन्छ । मोटरसाइकल गुडेर सडकपार गर्न सक्दैन । जुत्ताचप्पल बोक्दै हिँड्नेहरूको लर्को लाग्छ । असार महीना हो, धान रोप्न सडकमा बाउसे गरेसर हको दृश्यले विकास गर्न जिम्मा लिने निकायको गैरजिम्मेवारीको पराकाष्ठा देखाउँछ ।

धान रोप्ने चटारो होइन, यो असारमा । विकास कार्यमा संलग्न ठेकेदार हरूलाई बिल भर्पाई बनाउन र सम्बद्ध निकायमा बुझाइ भुक्तानी लिन चटारो परिरहेको हुन्छ । प्रतिफल प्राप्त गर्न मङ्सिरसम्म पर्खन पर्दैन असार १ महीनामा नै प्राप्त हुन्छ । सरकारी प्रावधान पनि सोहीअनुसार छ । असार मसान्तभित्र विकास खर्चका लागि छुट्ट्याइएको रकम खर्च गरिसक्नुपर्छ । यही प्रावधानका कारणले हुन सक्छ, प्रत्येक वर्षको असार मा विकास बजेट खर्च गरेर सरकारी निकायहरू फुर्सद नभएका हुन्छन् । जुन तरीकाले सम्बद्ध कार्यमा विकास बजेट खर्च गरिएको छ त्यसबाट प्राप्त हुने प्रतिफलको गुणस्तर राम्रो हुन सक्दैन । माथि उल्लेख भएको ढल निकासको उदाहरणले पनि स्पष्ट पारिरहेको छ ।

असार महीनामा विकास बजेटको अधिकांश रकम खर्च हुने तथ्यले के पुष्टि गर्छ भने १ महीनामा सम्पन्न गरिने कुनै पनि विकास कार्य दिगो हुन सक्दैन । सडकको नै कुरा गर्दा आधा किलोमीटर सडकमा कालोपत्र गरिसक्दा एकातिर पानी जमिरहेको हुन्छ भने अर्कोतिर भासिने र चर्किने । यो कुनै एउटा निश्चित ठाउँको मात्र समस्या होइन । नेपालभरि नै यस प्रकारका दृश्यहरू देख्न सकिन्छ । कामको गुणस्तरलाई खर्चको मापदण्ड बनाइँदैन । टालटुल गरेको गुणस्तरहीन कार्यले नेपालको दिगो विकासमा तगारो हालिरहेको छ ।

(-लेखक अर्थशास्त्री हुन् ।)

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
www.bikaskhabar.com
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

# किशोरवयका छोराछोरीलाई कसरी बुझ्ने ?



क्याम्ब्रिज शब्दकोशका अनुसार १३ देखि १९ वर्षको उमेरलाई किशोरावस्था भनिन्छ । किशोरावस्थाले धेरै शारीरिक, मानसिक र सामाजिक परिवर्तन ल्याउँछ । स्वभाविक हो, किशोरावस्थाका छोराछोरीको अभिभावक बन्न चुनौतीपूर्ण हुन्छ । यदि राम्ररी उनीहरूलाई सम्हाल्न सकिएन भने आमाबुवा र छोराछोरी दुवैका लागि जटिल अवस्था पनि आउन सक्छ । खासगरी आमाबुवामा धेरै धैर्यता चाहिन्छ ।

सधैंजसो अँगालो हाल्न चाहने, काखमा लुटपुटिन चाहने बच्चा अचानक एकान्तमा बस्न रूचाउँछ । बिना कारण रिसाउन थाल्छ । नजानिंदो ढंगले आफ्नो हक खोज्न थाल्छ । चर्को स्वरले बोल्न थाल्छ । बुवाआमाले रोजेका पहिरन वा खानेकुरामा चित्त बुझाउन छाड्छ ।

किशोरावस्थामा बालबालिका भावनात्मक बेचैनी र शारीरिक परिवर्तनबाट गुज्रिन्छन् । तिनीहरूको प्रारम्भिक जीवनका महत्वपूर्ण परिवर्तन हुनथाल्छन् । शरीरको उचाई, आकार, प्रकार, तौल, रंग बद्लिन्छ । शरीरमा देखिने विभिन्न परिवर्तनका कारण उनीहरू बेचैन पनि हुन्छन् । छिटो-छिटो बदलिने आफ्नो रूपरंगले उनीहरूको आत्मबल केही कमजोर हुनपुग्छ ।

किशोर-किशोरी हेयरस्टाइल र फेसनप्रति बढी नै सचेत हुन्छन् । आफ्नो रूपरंगमा उनीहरूले बढी ख्याल गरिरहेका हुन्छन् । आफ्नो शरीरमा भइरहेको परिवर्तनले एक किसिमको रोमाञ्चकता पनि पैदा गरेको हुन्छ । त्यसैले उनीहरूमा मेकअप गर्ने, नयाँ नयाँ शैलीका पहिरन लगाउने, ऐना हेर्ने प्रवृत्ति हुन्छ । यतिबेला आमाबुवाले निगरानी गर्न थाल्छन्, जो उनीहरूलाई पटक्कै मन पर्दैन । किशोर छोराछोरी र आमाबुवावीच यही कुरामा टक्कर पनि पर्ने गर्छ ।

हुन त हामी अभिभावक आफ्ना बालबच्चासँग मायालु र समझदारीपूर्ण सम्बन्ध निर्माण गर्ने प्रयत्नमा हुन्छौं । यद्यपि बदलिंदो परिस्थितिका कारण आमाबुवा अनि छोराछोरीबीच केही न केही असमझदारी रहन्छ । अतः यस्तो असमझदारी कसरी हटाउने ? कसरी किशोर छोराछोरी र आमाबुवाबीच संवादको वातावरण मिलाउने ? आफ्नो भोगाइ र बुझाइको आधारमा केही कुरा बुँदागत रूपमा प्रस्तुत गर्छु ।

### बच्चालाई शारीरिक, मानसिक र सामाजिक परिवर्तनका लागि तयार राखौँ

किशोर चरणमा हुने शारीरिक र भावनात्मक परिवर्तनबारे बालबच्चासँग कुराकानी गर्नुहोस् । खासगरी खाना खाने समयमा उनीहरूसँग यस्तो कुरा साझेदार गर्नु उपयुक्त हुन्छ । किशोरावस्थामा के कस्ता परिवर्तन हुन्छन् ? यससँग सम्बन्धित पुस्तकहरू पढ्न दिनुहोस् ।

### स्पष्टता खोज्नुहोस्

उनीहरू के चाहन्छन् ? आमाबुवाबाट कस्तो व्यवहार चाहन्छन् ? कस्तो जीवनशैली अपनाउन रूचि राख्छन् ? भविष्यका लागि के सोच्छन् ? उनीहरूको मनोभाव बुझ्ने प्रयास गर्नुपर्छ । अर्थात् उनीहरूको अपेक्षा के छ ? स्पष्ट हुनु जरूरी छ । परिस्थितिलाई कसरी सम्हाल्ने, तनावलाई कसरी व्यवस्थापन गर्ने भन्ने कुरा सिकाउनुपर्छ । उनीहरूले चाहेको कुरा गर्न दिनुपर्छ भन्ने छैन । यद्यपि उनीहरूको आवश्यकतालाई नजर अन्दाज नगर्नुहोस् । मानवीय जीवनका मूल्य सिकाउनुहोस् । यसका सीमा र सर्तहरूबारे सजग गराउनुहोस् ।

### उपदेश होइन, उदाहरण उपयोगी हुन्छ

यतिबेला बच्चाहरू आमाबुवाबाट टाढा बस्न खोज्छन् । आफ्नो मनोमानी गर्न चाहन्छन् । आमाबुवासँग संवाद गर्न रूचाउँदैनन् ।

यसले गर्दा अभिभावक र छोराछोरीबीच असमझदारी बढ्न सक्छ । छोराछोरीको बदलिंदो व्यवहारलाई बुझ्ने र स्वीकार्ने गर्नुहोस् । उनीहरूलाई गाली गर्ने, टिप्पणी गर्ने वा धेरै निगरानी गर्न उचित हुँदैन । छोराछोरी टाढा हुन खोज्छन्, झर्किन्छन्, राम्रो व्यवहार गर्दैनन् भने उनीहरूलाई के समस्या छ बुझ्ने कोसिस गर्नुहोस् । उनीहरू कस्तो व्यवहार गरिरहेका छन् ? त्यसको अध्ययन गर्नुहोस् । त्यसपछि उनीहरूसँग बसेर छलफल गर्नुहोस् । उनीहरूको कुरा सुन्नुहोस् । उनीहरूलाई बुझ्नुहोस् ।

### अध्ययन गर्नुहोस्

किशोरपुस्तालाई लक्षित गरिएका थुप्रै फिल्म र पुस्तक छन् । अभिभावकले त्यस्ता फिल्म हेर्ने, पुस्तक पढ्ने गर्नु उत्तम हुन्छ । यसले आफ्ना छोराछोरीको आनीबानी बुझ्न सहज बनाउँछ । किशोर चरणमा छोराछोरीहरू कस्तो मनोदशाबाट गुज्रिरहेका हुन्छन् भनी बुझ्न सकिन्छ ।

### छोराछोरीको गतिविधिमा सहभागी हुनुहोस्

छोराछोरीसँग बसेर फिल्म हेर्ने, सप्ताहन्त घुम्ने, छोटो पैदल यात्रामा निस्कने गर्नुहोस् वा उनीहरूलाई मनपर्ने परिकार बनाएर दिनुहोस्, कुराकानी गर्नुहोस् । यसले तपाईंहरूलाई आपसमा निकट बनाउँछ । एकसाथ किनमेल गर्ने, पुस्तक पढ्ने, टेलिभिजन हेर्ने जस्ता गतिविधिले पनि एकअर्कालाई नजिक ल्याउँछ ।

### खेलकुद, कला र साहित्यमा प्रेरित गर्नुहोस्

यस उमेर चरणमा उनीहरू धेरै सक्रिय, उत्साहित र ऊर्जावान् हुन्छन् । यो उत्साह, ऊर्जा र सक्रियतालाई सिर्जनशील काममा लगाइदिनुहोस् । जस्तो खेलकुद, लेखन, वाद्यवादन, गायन, चित्रकला । ध्यान दिनुपर्ने कुरा चाहिं के भने उनीहरूको रूचि के छ ? उनीहरू संगीतमा रूचि राख्छन् वा अभिनयमा ? क्रिकेट खेल्न मन पराउँछन् वा फुटबल । उनीहरूलाई रूचिलाई पटक्कै नजरअन्दाज नगरौं ।

खेलकुदले उनीहरूलाई व्यवस्थित र अनुशासित बनाउन सहयोग गर्छ । संगीत, लेखन, नृत्य आदिले उनीहरूलाई रचनात्मक बनाउन सहयोग गर्छ । साथै यस्ता क्रियाकलापले उनीहरूको आत्मविश्वास बढाउन पनि मद्दत गर्छ ।

### साथीसंगीसँग रमाउन छुट दिनुहोस्

किशोर-किशोरीहरू बुवाआमाभन्दा साथीसंगीसँग समय बिताउन रूचि राख्छन् । विपरितलिंगीप्रति स्वभाविक आकर्षण बढ्छ । नयाँ नयाँ सम्बन्ध बनाउन उत्सुक हुन्छन् । उनीहरू साथीसँग खेल्न, घुम्न र कुरा गर्न रूचाउँछन् । यस्ता कुराहरूमा उनीहरूलाई छुट दिनुपर्छ । धेरै नियन्त्रण गर्नु उचित हुँदैन । यद्यपि ध्यान दिनुपर्ने कुरा चाहिं के भने उनीहरू कस्तो संगतमा छन् ? सामाजिक सञ्जालमा के हेरिरहेका छन् ? यसमा चाहिं चासो राख्नुपर्छ ।

साथै बच्चालाई आफू किशोर छँदाको कथा सुनाउनुहोस् । आफू कुन परिस्थिति र मनस्थितिबाट गुज्रिएको हो, त्यो कुरा बताउनुहोस् ।

उनीहरूसँग तपाईंले आफूलाई अभिभावकको रूपमा मात्र हैन, साथीको रूपमा व्यवहार गर्नुहोस् । त्यसले गर्दा उनीहरूको विश्वास जित्न सजिलो हुन्छ ।

आफ्नो बच्चालाई महसुस गराउनुहोस् कि तपाईं उसलाई बिना शर्त माया गर्नुहुन्छ । उनीहरूलाई बेलाबेला सरप्राइज गिफ्ट दिनुहोस् र विशेष महसुस गराउनुहोस् ।

*-अनलाइनखबरबाट*




# गर्भपतनपछि कसरी गरिन्छ भ्रुणको व्यवस्थापन ?



१२ हप्तासम्मको गर्भपतन गराउन सकिने कानुनी प्रावधान छ । हाडनाता करणी, बच्चा र आमाको ज्यान जान सक्ने खतरा तथा विशेष परिस्थितिमा भने २८ हप्तासम्म पनि गर्भपतन गर्न सकिने व्यवस्था छ ।

यस्तोमा सुरक्षित गर्भपतन गराएपछि त्यो भ्रुणलाई कसरी व्यवस्थापन गरिन्छ भन्ने विषयमा धेरैको चासो हुन्छ । गर्भपतन पछि त्यो भ्रुणलाई व्यवस्थापन गर्ने जिम्मा प्रायः अस्पतालको नै हुन्छ भने कतिपय अवस्थामा परिवारको पनि हुन्छ । २० हप्तासम्मको भ्रुणको व्यवस्थापन अस्पतालले नै गर्छ । २० हप्ताभन्दा माथिको भ्रुणको व्यवस्थापन भने इच्छा भए परिवारले पनि गर्न मिल्छ ।

सुरक्षित गर्भपतन गर्ने अनुमति प्राप्त संस्था मेरी स्टोपले १२ हप्तासम्मको गर्भपतन गर्छ । गर्भपतनपछि भ्रूणलाई कसरी व्यवस्थापन गर्ने भन्ने विषय फोहोर व्यवस्थापन अन्तर्गत पर्ने मेरी स्टोपका डा. अब्दुल रेफ बताउँछन् ।

### ९ देखि १२ हप्तासम्मको भ्रुणलाई व्यवस्थापन गर्न सजिलो

मेरी स्टोपले ९ देखि १२ हप्तासम्मको भ्रूणको व्यवस्थापन गर्न दुईवटा उपाय अपनाउँछ । ९ हप्तासम्मको भ्रुण छ भने त्यसलाई औषधि सेवनबाट गर्भपतन गराइन्छ । त्यसमा बच्चा रगतबाट नै जाने भएकाले त्यसको व्यवस्थापनमा खासै समस्या नहुने रेफ बताउँछन् ।

'तर १२ हप्तासम्मको बच्चा छ भने त्यसलाई व्यवस्थापन गर्न दुई तरिका अपनाइन्छ । गाउँ घरमा हो र खाली ठाउँ प्रशस्त मात्रामा छ भने भ्रुणलाई खाल्डो खनेर पुरिन्छ,' उनी भन्छन्, 'सहरमा खाली ठाउँ नहुने भएकाले त्यो भ्रुणलाई पानीमा राखेर टुर्क्याउर ट्वाइलेटमा फ्लस फल्स गरिन्छ ।' १२ हप्तासम्म पनि बच्चाको अंग राम्ररी बनिसकेको हुँदैन, एउटा रगतको ढिक्काजस्तो मात्र हुन्छ । त्यसैले पानीमा राखेपछि त्यो टुक्रिन्छ र फ्लस गर्न सजिलो हुने डा. रेफको भनाइ छ ।

### १२ हप्तामाथिको भ्रुण व्यवस्थापन

१२ हप्ता भन्दा माथिको गर्भपतन गराउने र यसको प्रशिक्षण दिने जिम्मा काठमाडौंमा दुईवटा अस्पताललाई मात्र छ, काठमाडौं मेडिकल कलेज र काठमाडौं मोडल अस्पताल ।

काठमाडौं मोडल अस्पतालले १२ हप्तामुनि र त्यसमाथिको गर्भपतन सेवा उपलब्ध गराउँदै आएको छ । १२ हप्तामुनिको भ्रूण व्यवस्थापन फ्लस गरेर नै गरिन्छ । तर १२ हप्तादेखि २० हप्तासम्मको बच्चालाई बायो ग्यासमा हालेर व्यवस्थापन गरिन्छ । जसरी सालको व्यवस्थापन बायो ग्यासको मद्दतबाट गरिन्छ । त्यसरी नै २० हप्तासम्मको भ्रुणलाई पनि बायो ग्यासमा हालेर व्यवस्थापन गरिन्छ ।

२० हप्ता भन्दा माथिको बच्चा छ र परिवारको लाने इच्छा गरेको छ भने त्यो बच्चाको व्यवस्थापन गर्ने जिम्मा परिवारलाई नै दिइन्छ । यदि परिवारले व्यवस्थापन गर्ने जिम्मा लिएन भने २० हप्ता भन्दा माथिको भ्रुणलाई पनि बायो ग्यासमा हालेर अस्पतालले नै व्यवस्थापन गर्ने गरेको काठमाडौं मोडल अस्पतालकी स्वास्थ्य सेवा फोहोर व्यवस्थापन संयोजक राधिका घिमिरे बताउँछिन् ।

१९ हप्तादेखि २१ हप्तासम्ममा नै बच्चाको अंगहरू विकास भइसक्ने भएकाले कुनै समस्या छ भने त्यो अवधिमा नै पत्ता लाग्छ । त्यसैले २१ हप्तामाथिको 'केस' कम मात्रै आउने घिमिरे बताउँछिन् । 'पछिल्लो समय गर्भपतन गराउने महिलाको संख्या एकदमै बढेको छ । काठमाडौं मोडल अस्पतालमा जेठ महिनामा मात्र गर्भपतन गराउने महिलाको संख्या ४८ छ,' उनी भन्छिन्, 'त्यसैले यसलाई निरूत्साहित गरेर परिवार नियोजनको साधन प्रयोग गरेर गर्भ नै रहन नदिने कुरामा जोड दिनुपर्छ ।'

# टिष्टुङको जनता स्कूललाई बिइङ युथको सहयोग

◆ विकास संवाददाता

थाहा नगरपालिकाका उर्जावान युवाहरूद्वारा स्थापित बिइङ युथले थाहा नगरपालिका वडा नम्बर १२ स्थित जनता आधारभूत विद्यालयका विद्यार्थी र विद्यालयलाई सहयोग गरेको छ । युथले विद्यालयका सबै विद्यार्थीहरूलाई पोसाक, झोला र शैक्षिक सामग्री उपलब्ध गराएको छ भने विद्यालयलाई भान्साको सामान, पानी शुद्धीकरण मेशिन र आगो नियन्त्रण यन्त्र सहयोग गरेको छ ।

१२ असारमा विद्यालयमा एक कार्यक्रमको आयोजना गरी बिइङ युथले सामग्री सहयोग गरेको हो । ओएनजिडी एफएनइएल लक्जम्वर्गसँगको सहकार्यमा सहयोग कार्यक्रम भएको हो । कार्यक्रममा थाहा नगरपालिकाका प्रमुख विष्णु विष्टको प्रमुख आतिथ्यता तथा उपप्रमुख भरत गोपालीको विशेष आतिथ्यता रहेको थियो ।

बिइङ युथका अध्यक्ष बसन्त कार्कीको अध्यक्षता रहेको कार्यक्रममा बोल्दै प्रमुख अतिथि विष्टले विद्यालय शिक्षाको लागि सबै पक्षको साझा प्रयास आवश्यक रहेको बताए । त्यसैगरी



नगर उपप्रमुख गोपालीले दाताहरूबाट प्राप्त सहयोगलाई सदुपयोग गर्न आग्रह गर्दै छोराछोरीको शिक्षाको लागि अभिभावकहरूको पनि उत्तिकै चासो हुनुपर्नेमा जोड दिए ।

सो अवसरमा थाहा नगरपालिका वडा नम्बर १२ का वडा अध्यक्ष टिकाराम स्याङ्तान, पालुङ बहुउद्धेश्यीय सहकारी संस्थाका अध्यक्ष पुरूषोत्तम कार्की, विद्यालय व्यवस्थापन समिति अध्यक्ष मानबहादुर स्याङ्तान, थाहा नगरपालिकाका रोजगार संयोजक कुमार नेगी, शिक्षक सुशिला पुलामी लगायतले मन्तव्य व्यक्त गरेका थिए ।

कार्यक्रममा बिइङ युथकी कार्यक्रम संयोजक मनिषा बस्नेतले संस्थाले गरिरहेको गतिविधिको बारे प्रष्ट पारेकी थिइन् । कार्यक्रममा डा. गगन कार्की, डा. पवन कार्की, वडा सदस्यहरू युवराज जिम्बा, नरेश घलान, बिइङ युथका पदाधिकारीहरू, जनता आधारभूत विद्यालयका प्रधानाध्यापक धर्मलाल श्रेष्ठ लगायतको उपस्थिति रहेको थियो ।

# थाहानगर प्रमुख विष्ट स्काउटबाट दिक्षित



◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिकाका प्रमुख विष्णुबहादुर विष्ट नेपाल स्काउटबाट दिक्षित भएका छन् । स्थानीय स्काउट कार्यालय थाहा नगरपालिकाले आयोजना गरेको एक समारोहबीच विष्ट स्काउटबाट दिक्षित भएका हुन् ।

स्थानीय स्काउट समितिका संयोजक गणेशमान श्रेष्ठको सभाध्यक्षतामा भएको कार्यक्रममा विष्टलाई बागमती प्रदेश स्काउट समिति सदस्य अशोक सारू मगरले दिक्षित गराएका हुन् । स्काउट पोसाकमा रहेका विष्टलाई स्कार्फ, वागल, व्याचसहित पद तथा गोपनियताको सपथ ग्रहण गराएर दिक्षित गरिएको हो । स्थानीय स्काउट संरक्षकको हैसियतमा विष्टलाई दिक्षित गरिएको हो ।

आफू स्काउटबाट दिक्षित भएपछि समारोहमा बोल्दै विष्टले बालबालिकालाई अनुशासन, नैतिकता, कर्तव्यपरायणता र मानवीय सेवामा लाग्न स्काउटको भूमिका रहेको बताए । थाहा नगरमा स्काउट विस्तार गर्न नगरपालिकाको सहयोग रहने बताउँदै उनले विपद व्यवस्थापनको क्षेत्रमा नगरको अगुवाइ गर्न स्थानीय स्काउट समितिलाई आग्रह गरे ।

कार्यक्रममा थाहा नगरपालिका विपद व्यवस्थापन समितिका संयोजक एवम् वडा नम्बर ३ का वडाध्यक्ष हिरेन्द्रकुमार रायमाझी, प्रदेश स्काउट सदस्य सारू, प्याब्सन थाहाका अध्यक्ष सुरेन्द्रमान प्रधान, बज्रवाराही माविका प्रधानाध्यापक रमेशमान डंगोल लगायतले मन्तव्य व्यक्त गरेका थिए । कार्यक्रममा प्रदेश स्काउट सदस्य सारू मगरले स्काउटबारे प्रस्तुतीकरण गरेका थिए ।

जनकल्याण र सुनौला माविका ५५ जना स्काउट बालबालिकाहरूको सहभागिता रहेको सो कार्यक्रममा दुवै विद्यालयका स्काउटले स्वदेश गीतमा नृत्य प्रस्तुत गरेका थिए ।

# भीमफेदी गाउँपालिकाले चिसापानीगढी मर्मत गऱ्यो

◆ विकास संवाददाता

पुरातात्त्विक महत्त्व बोकेको चिसापानीगढीको संरक्षण कार्य प्राथमिकता साथ गर्न थालिएको छ । मकवानपुरको भीमफेदी गाउँपालिकामा रहेको ऐतिहासिक चिसापानी गढीको संरक्षण तथा पुनर्निर्माणको काम यतिखेर धमाधम भइरहेको छ ।

गढी संरक्षण र सम्बर्द्धनका लागि संघीय र प्रदेश सरकारले लगानी गरेर काम गरिरहेका छन् । यो ऐतिहासिक गढीको संरक्षण र विकासमा स्थानीय सरकार भीमफेदी गाउँपालिकाले नेतृत्व लिएको छ। हेटौडा लगायत तराईका कतिपय जिल्लालाई राजधानीसँग जोड्ने छोटो मार्ग मदन भण्डारी (कुलेखानी–सिस्नेरी–काठमाडौं) मार्गमा पर्ने चिसापानी गढी नजिकबाट हजारौं सवारी साधन आवत जावत गर्ने गरेका छन् ।

सडकको छेउमै पर्ने महत्त्वपूर्ण गढीको संरक्षण तथा सम्बर्द्धन विगतमा नगर्दा यो नासिएर जाने हो कि भन्ने भइरहेका बेला संरक्षण कार्य हुन थालेकाले स्थानीय तथा पुरातत्त्वका क्षेत्रमा चासो राख्ने नागरिकहरूले समेत सन्तोष व्यक्त गरेका छन् । यसको संरक्षण गरी पर्यटन प्रवर्द्धन गर्नेतर्फ विगतमा कसैले चासो नदिदा यसको अस्तित्व मेटिने खतरा बढेको थियो ।

इतिहासमा कुनै बेला नेपाल सरकारका तर्फबाट नेपालकै तराई क्षेत्र तथा भारत जाने नेपालीहरूका लागि राहदानी जारी गर्ने, भारतबाट नेपाल आएका विभिन्न यात्रीहरूको प्रवेशआज्ञा वितरण गर्ने र भन्सार एवं राजस्व समेत संकलन गर्ने स्थानको रूपमा यो चिसापानीगढीलाई चिनिन्छ । नेपालमा ३५ वटा मात्रै जिल्ला रहेका बेला हालको चितवन र मकवानपुर जिल्ला सहितको 'चिसापानीगढी जिल्ला' पनि यही चिसापानीगढीको नाममा नामकरण भएको पाइन्छ ।

२०१८ साल वैशाख १ गते तत्कालीन राजा महेन्द्रले देशलाई चौध अञ्चल ७५ जिल्लामा विभाजन गरेपछि चिसापानी गढी जिल्लालाई चितवन र मकवनपुरमा विभाजन गरियो। जिल्ला विभाजनसँगै चिसापानीगढ़ी मकवानपुरको भूभागमा र ह्यो तर यसको चर्चा कम हुँदै गयो। हेटौडा बजारबाट २७ किलोमिटर दूरीमा रहेको यो गढी २०४२ सालसम्म मकवानपुरको सदरमुकामका रूपमा र हेको थियो। पछि सदरमुकाम भीमफेदीबाट हेटौडा सरेपछि झन् ओझेलमा पऱ्यो। वि.सं. १८०१ मा निर्माण भएको मानिने चिसापानी गढीको संरक्षण र पुनर्निर्माणमा हाल भीमफेदी गाउँपालिकाले नेतृत्व लिएर काम गरिरहेको छ। २ वर्ष अगाडि गढीको संरक्षण र पुनर्निर्माणका लागि ४६ लाख रूपैयाँबाट काम शुरू भएको थियो। उक्त रकमबाट भत्किएका भग्नावशेषको पुनर्निर्माण गर्ने, संरक्षणका लागि तार जाली गर्ने, पर्यटकका लागि पैदलमार्ग निर्माण गर्ने, सरसफाइ गर्ने लगायतका काम अहिले भइरहेको छ। हाल गढी क्षेत्रको बृहत्तर विकासका लागि रू २८ करोडको योजना अघि सारेको गाउँपालिकासँग संस्कृति पर्यटन तथा नागरिक उययन मन्त्रालयले समेत सहकार्य गरेको छ।

हाललाई मन्त्रालय र गाउँपालिकाको सहलगानीमा तयार गर्ने योजना बनाइएको छ। अहिले निर्माण व्यवसायी कम्पनीले ३ करोड ७० लाखमा बोलपत्रमार्फत काम सञ्चालन गरिरहेका छन्। यसमा ७० प्रतिशत नेपाल सरकार र ३० प्रतिशत गाउँपालिकाको लगानी रहेको छ। गढीको भित्री भाग पुरातत्त्व विभागले संरक्षण तथा पुनर्निर्माण गर्ने भएको छ। अहिले कम्पाउण्ड वाल, गेट, इनार ढुंगा सोलिङ, गार्ड हाउस लगायतका कामहरू भइरहेका छन् ।

# महालक्ष्मी बैंकद्वारा प्रहरी कार्यालयलाई सिसी टि.भी. सहयोग

◆ विकास संवाददाता

मकवानपुर थाहानगरमा रहेको महालक्ष्मी विकास बैंक पालङ शाखाले संस्थाको सामाजिक उत्तरदायित्व कार्यक्रम अन्तर्गत ईलाका प्रहरी कार्यालय पालुङलाई सात थान सिसि क्यामरा हस्तान्तरण गरेको छ ।

ईलाका प्रहरी कार्यालय पालुङमा १२ असारमा एक कार्यक्रमको आयोजना गरी सिसी क्यामेरा हस्तान्तरण गरिएको हो । महालक्ष्मी विकास बैंक पालुङ शाखाका प्रबन्धक संगिता बज्राचार्यले ईलाका प्रहरी कार्यालय पालुङका प्रमुख दुर्गा खनाललाई सिसि क्यामेरा हस्तान्तरण गरिन् । क्यामेरा हस्तान्तरणपछि ईलाका प्रहरी कार्यालयका प्रमुख दुर्गा खनालले महालक्ष्मी बैंकले उदाहरणीय कार्य गरेकोमा प्रशंसा गर्दै क्यामेरा सहयोगले थाहानगरको शान्ति सुरक्षा व्यवस्थापनमा सहयोग मिलेको



प्रतिक्रिया दिए । उनले बैंकलाई धन्यवाद दिदै सहकार्यको निरन्तरताको कामना गरे ।

कार्यक्रममा बैंककी प्रबन्धक संगीता बज्राचार्यले बैंकले आफ्नो सामाजिक उत्तर दायित्व कार्यक्रम अन्तर्गत नगर भित्र विभिन्न सामाजिक कार्यलाई निरन्तरता दिदै जाने र भविस्यमा अन्य क्षेत्रमा पनि सहयोगको कार्यक्रम निरन्तर गरीरहने प्रतिक्रिया दिइन् । कार्यक्रममा ईलाका प्रहरी कार्यालयका प्रहरी,बैंकका कर्मचारीहरू, समाजसेवी पुर्षोत्तम ढकाल, पत्रकार शम्भु अधिकारीलगायतकाको उपस्थिती थियो ।

अब हाम्रै थाहानगरको ओखरबजारमै
छपाईको शुभारम्भ
फ्लेक्स प्रिन्ट
काठमाण्डौं, हेटौंडा धाउनै पर्दैन...
अत्याधुनिक नयाँ मेसीनद्वारा १ घण्टा भित्र बोर्ड,व्यानर तयार
AARAV creation
DESIGN FLEX PRINT PHOTOGRAPHY
Thaha-1, Okharbazar, 9855068340/9802068340
हाम्रा अन्य सेवाहरू
फ्लेक्स प्रिन्ट (व्यानर/साइनबोर्ड)
होडिङ बोर्ड/स्टिकर प्रिन्ट/
फ्लेक्स फोटो/मायाको चिनो तयारी
प्रमाण-पत्र/कदर-पत्र/प्रशंसा पत्र तयारी
कार्यक्रमको व्याच तयारी
विभिन्न डिजाइनका फ्रेमिङ
फोटो स्टुडियो/पि.भि.सी. कार्ड
9855068340/9802068340

# थाहानगरमा सहकारी कानून सम्बन्धी अन्तरक्रिया

◆ विकास संवाददाता

थाहानगरको पालुङ बहुउद्देश्यीय सहकारी संस्थाको सभाहलमा सहकारी ऐन, नियम मापदण्ड र अनुगमन सम्बन्धि अन्तरक्रिया कार्यक्रम भएको छ। बागमती प्रदेश भुमी, व्यवस्था, सहकारी तथा गरीबी निवारण मन्त्रालयको आयोजनामा कार्यक्रम भएको हो ।

जिल्ला सहकारी संघका कोषाध्यक्ष बिमल कुमार ढकालको अध्यक्षतामा भएको कार्यक्रममा थाहा नगरभित्रका सहकारी संस्थाहरूको सहभागीता रहेको थियो। अन्तरक्रिया कार्यक्रममा बागमती प्रदेशमा सहकारी अनुगमनः अबको बाटो विषयमा मन्त्रालयका रजिस्ट्रार नारायण प्रसाद ज्ञावलीले प्रस्तुतीकरण गरेका थिए । ज्ञावलीले प्रस्तुतिकरणमा सहकारीका नियमक निकायलाई अंशबण्डा गरेर, तिनथरी ऐन बन्दा समस्या परेको बताउदै तिनैतहका ऐनलाई परिमार्जन गरि एकरूपता ल्याउन पहल भैरहेको बताउदै सरोकारवाला संगको राय सल्लाह, प्रतिक्रिया लियर र सम्बन्धित निकायहरू संग समन्वय गरेर अगाडि बढ्ने बताए ।

कार्यक्रमका अध्यक्ष तथा जिल्ला सहकारी संघका कोषाध्यक्ष बिमल कुमार ढकालले सहकारीहरूलाई नियमन निकायले भन्दा सहकारीमा आबद्ध सदस्यहरूबाट नै नियमित अनुगमन गर्नुपर्नेमा जोड दिदै मन्त्रालय मातहतका निकायबाट यस्ता कार्यक्रमहरू थाहानगरमा बेला बेला आइरहे सहज हुने बताए। उनले उत्पादन र आम्दानीको सहकारीले गतिविधि गर्न नसक्दा अप्ठ्यारो स्थिती आउने भन्दै सहकारी मार्फत आम जनतालाई व्यवसायिकीकरण गर्दै उत्पादनमा लगाउनु आजको आवश्यकता रहेको औल्याए ।

कार्यक्रममा मुख्य मन्त्री कार्यालयका योजना अधिकृत रोहित पोखरेल, भुमी व्यवस्था मन्त्रालयका अधिकृत लिलानाथ मिश्र, हरी प्रसाद भट्ट, भुमी व्यवस्था मन्त्रीका स्वकीय सचिव प्रेमनिधी पौडेल, पालुङ बहुउद्देश्यीय सहकारीका अध्यक्ष पुरूर्षोत्तम कार्की तथा थाहानगरमा रहेका सहकारी संस्थाका संचालक तथा कर्मचारीहरूको उपस्थिति रहेको थियो। कार्यक्रमको व्यवस्थापन पालुङ बहुउद्देश्यीय सहकारी संस्थाले व्यवस्थापन गरेको हो।

# थाहाका सहकारीको क्षमता विकासमा सहयोग गर्न सँधै तयार छौं–उपप्रमुख गोपाली

◆ विकास संवाददाता




थाहा नगरपालिकाका उपप्रमुख भरत गोपालीले सरकारको तीन खम्बे अर्थनीतिको बलियो खम्बा सहकारी भएकोले थाहानगरमा संचालित सहकारीहरूको क्षमता अभिवृद्धि विकास गर्न नगरपालिका सदैव तत्पर रहेको बताएका छन् । सहकारीहरूलाई एउटै प्रणालीमा आवद्ध गराई रिपोटिङ र व्यवस्थापनमा सहजकता पुऱ्याउन आयोजना गरिएको दुईदिने कोपोमिस तालिमको समापनको अवसरमा १८ असार मा उपप्रमुख गोपालीले यस्तो बताएका हुन्। उनले तालिममा सिकेका कुरालाई व्यवहारमा उतार्न अनुरोध समेत गरे । कार्यक्रममा थाहा नगरपालिका प्रशासन महाशाखा प्रमुख अजित घिमिरेले नयाँ प्रविधिमैत्री हुन सके सहकारी संस्थाहरूको काम कारबाहीमा एकरूपता आउने र नियमनमा सहज हुने बताए । उनले थाहानगरका सबै सहकारी स.स्थामा कोपोमिस प्रणाली संचालन गर्न अनुरोध गर्दै सफलताको शुभकामना व्यक्त गरे ।

थाहा नगरपालिकाको अधिकार क्षेत्र भित्र परेका सहकारी संस्थाहरूको प्रभावकारी नियमन तथा प्रवर्द्धन गर्ने तथा आधारभुत तथ्यांकहरू व्यवस्थापनमा सहयोग पुग्ने उद्देश्यले तालिमको आयोजना गरिएको थाहा नगरपालिका सहकारी शाखा प्रमुख उमेश श्रेष्ठले जानकारी दिए । प्रणाली मार्फत सबै सहकारी संस्थाहरूको दर्ता, मासिक तथा वार्षिक प्रतिवेदन, निर्वाचन, विनियम सशोधन, कार्यक्षेत्र विस्तार, नयाँ सूचना तथा परीपत्रहरू लगायतका कामहरू गर्न सकिने बताए। उनले यि कामहरू अब थाहानगरमा प्रणाली मार्फत नै हुने जानकारी गराए।

थाहा नगरपालिकाको नयाँ गाउँमा रहेको साहारा रिसोर्टमा भएको तालिमका सहजकर्ताहरूलाई प्रशिक्षक सगुन ध्वाख्वाले सहजीकरण गरेका थिए भने सहकारीको आधारभूत सवाल र राजश्वका विषयमा थाहा नगरपालिकाका लेखा अधिकृत हरि बहादुर खपाङ्गी मगरले सहजीकरण गरेका थिए ।

थाहा नगरपालिकाका आर्थिक विकास समितिका संयोजक एवं वडा नम्बर १ का वडाध्यक्ष हेरमान गोपालीको सभाध्यक्षतामा उद्घाटन भएको कार्यक्रममा प्रशासन महाशाखा प्रमुख अजित घिमिरे, नगरका लेखा अधिकृत हरी बहादुर खपाङ्गी, सहकारी शाखा प्रमुख उमेश श्रेष्ठ, सुचना शाखा प्रमुख सुरज कुमार भुजेल, एमआइएस अपरेटर रूपक कार्की, पत्रकार शम्भु अधिकारीलगायतको उपस्थिती रहेको थियो ।

# थाहानगरको ९ नम्बर वडामा अगुवा किसानलाई तालिम




◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिकाको अगुवा किसानहरूका लागि एक दिने अगुवा कृषक तालिम भएको छ ।

थाहा नगरपालिका कृषि विकास शाखाको आयोजनामा विषाधी प्रयोग न्युनीकरण तथा कृषक समूह व्यवस्थापनको विषयमा १५ र १६ असार मा दुई भिन्दाभिन्दै स्थानमा एक/एक दिने तालिम भएको हो ।

१५ असारमा थाहा नगरपालिका वडा नम्बर ९ को कार्यालयमा तालिम भएको थियो । वडाध्यक्ष राजकुमार बलामीको विशेष उपस्थितीमा भएको तालिममा नारायणहिटी, माझगाउँ लगायतका क्षेत्रका किसानहरूको सहभागिता रहेको थियो ।

यसैबीच १६ असारमा वडा नम्बर ९ कै टुप्पीखेलमा भएको तालिममा टुप्पीखेल तथा आसपासका किसानहरूको सहभागिता रहेको थियो । उक्त तालिम कार्यक्रम वडा नम्बर ९ का वडा सदस्य रामकृष्ण कपालीको विशेष उपस्थितीमा भएको थियो । सहभागी किसानहरूलाई थाहा नगरपालिका कृषि विकास शाखा अन्तर्गत वडा नम्बर १० की कृषि प्राविधिक कमला सुवेदीले सहजीकरण गरेकी थिइन् ।

कार्यक्रम आर्थिक वर्ष २०७८/०७९ को वार्षिक स्वीकृत कार्यक्रम बमोजिम संचालन गरिएको थाहा नगरपालिका कृषि विकास शाखाले जनाएको छ ।

# थाहानगरमा विपद व्यवस्थापनका लागि स्टेरिङ कमिटि

◆ विकास संवाददाता

मकवानपुरको थाहा नगरपालिकामा १६ असारमा बसेको विपद व्यवस्थापन समितिको बैठकले स्टेरिङ कमिट बनाएको छ । बैठकले थाहानगरमा हाल मनसुनजन्य विपदको जोखिम बढ्दै गएको र विपदबाट हुने क्षति तथा संभावित क्षति न्यूनीकरण स्टेरिङ कमिटि गठन गरेको हो। बैठकमा वडाध्यक्षहरले वडागत रूपमा रिपोर्टिङ गरेका थिए ।

बैठकले मनसुनजन्य विपदलाई मध्यनजर गर्दै पुर्व तयारी, उद्धार, राहत वितरणलाई सम्बोधन गर्नका लागी नगर उपप्रमुख भरत गोपालीको संयोजकत्वमा स्टेरिङ समिती गठन गरेको हो। समतिको सदस्यहरूमा ईलाका प्रहरी कार्यालयका प्रमुख दुर्गा खनाल, रेडक्रस मकवानपुरका सहकोषाध्यक्ष हरिकृष्ण कार्की, स्थानीय स्काउटका संयोजक गणेशमान श्रेष्ठ तथा बिपद शाखाका प्रमुख अनिल लामिछाने सदस्य सचिव छन् । स्टेरिङ कमिटिले समितिमा रहने सदस्यहरूको मोबाइल नम्बर छिट्टै सार्वजनिक गर्दै २४ घण्टा तयारी अवस्थामा रहने सदस्य सचिव अनिल लामिछानेले जानकारी दिए । थाहानगर का प्रमुख विष्णु विष्टको अध्यक्षता तथा विपद व्यवस्थापन समितिका सदस्यहरूको उपस्थितिमा सम्पन्न बैठकले हाल मनसुनको प्रभावले पारेको क्षति तथा आइपर्ने विपद व्यवस्थापन गर्न छलफल गरिएको सदस्य सचिव लामिछानेले बताए ।

थाहानगरमा विपद व्यवस्थापन गर्नका लागि वडास्तरीय तथा टोलस्तरीय विपद व्यवस्थापन समिती गठन गराउनका लागि वडा कार्यालयमा पत्राचार गरिने निर्णय भएको छ । वडा कार्यालयहरूबाट वडा भित्र मौजुदा रहेको निजि क्षेत्रका जेसिवी, एक्साभेटर, लोडरहरूको



विवरण तथा वडा भित्र रहेका सामुदायिक भवन, सरकारी भवनहरूको विवरण पेश गर्न पनि वडा कार्यालयहरूलाई पत्राचार गरिने निर्णय गरेको सदस्य सचिव अनिल लामिछानेले जानकारी दिए ।

बैठकमा थाहा नगर प्रमुख, उपप्रमुख, प्रमुख प्रसाशकिय अधिकृत, वडा अध्यक्षहरू, राजनैतिक दलका प्रमुख, पत्रकार, संघसंस्थाका प्रमुख, विपद व्यवस्थापन समितिका सदस्यहरूको उपस्थिति रहेको थियो ।




समयमै व्यक्तिगत घटना दर्ता गरौं।
थाहा नगरपालिका
इन्द्रायणी चौर, मकवानपुर
पञ्जीकरण शाखा
जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।

# परिवार नियोजन



- कम्तीमा ३ बर्ष जन्मान्तर राख्न (बच्चा पाएको ४५ दिन भित्र शुरुवात)
- पहिलो बच्चा ढिलो पाउन
- लामो समय गर्भ रोक्न
- सन्तानको रहर पुगेपछि


## १ . अस्थायी साधनहरू




१.१ आई.यू.सी.डि (कपर टि) :
- आई.यू.सी.डि महिलाले प्रयोग गर्ने लामो अबधिको अस्थायी साधन हो । यो पाठेघरमा राखिन्छ । एकपटक राखेपछि यसले १२ वर्षसम्म गर्भ रहन दिदैन ।



१.२ ईम्प्लाण्ट :
- ईम्प्लाण्ट महिलाको पाखुरामा राखिने परिवार नियोजनको अस्थायी साधन हो । यसले एक पटक लगाएपछि ५ बर्ष सम्म गर्भ रहन दिदैन ।



१.३ डिपो (३ महिने) सुई :
- यो सुई लगाएपछि ३ महिना सम्म गर्भ रहन दिदैन ।



१.४ खाने चक्का (पिल्स) :
- गर्भधारणबाट पूणरुपमा सुरक्षित रहनका लागि महिलाले प्रत्येक दिन नबिराई खाने चक्की (पिल्स) को सेवन गर्नुपर्छ ।

**थाहा नगरपालिका**
स्वास्थ्य शाखा
इन्द्रायणी चौर, मकवानपुर

# सवारी दुर्घटनाबाट बचौं र बचाऔं ।

- मादक पदार्थ सेवन गरी सवारीसाधन नचलाऔं,
- आफूले यात्रा गरिरहेको सवारीसाधनको चालकले मादक पदार्थ सेवन गरेमा वा गरेको शंका लागेमा तत्काल प्रहरीलाई खबर गरौं,
- क्षमता भन्दा बढि यात्रु र सामान नराखौं,
- अनियन्त्रित र तिब्र गतिमा सवारीसाधन नचलाऔं,
- समय-समयमा सवारीसाधनको मर्मत संभार गर्ने गरौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# नगरौं विवाहका कुरा: भएको छैन बिस वर्ष पूरा

बालविवाह सामाजिक अपराध हो । बालविवाह नगरौं, नगराऔं ।




बालविवाह कानूनी रुपमा दण्डनीय छ । कानूनको पालना गरौं/ गराऔं ।



बालविवाह अन्त्य गरौं ।



बालविवाह गरी शिक्षाबाट वञ्चित नहोऔं ।



बालविवाह गरी घरेलु हिंसामा नफसौं ।



बालविवाहका कारण कम उमेरमा गर्भवती भई स्वास्थ्यलाई जोखिममा नपारौं ।

"सानै छु बढ्न देऊ, विवाह हैन पढ्न देऊ"

**थाहा नगरपालिका**
सामाजिक विकास शाखा
इन्द्रायणी चौर, मकवानपुर

बालविवाह गर्नु वा गराउनु सामाजिक अपराध हो र यो दण्डनीय छ । बालविवाह गरे वा गराएको पाइएमा नजिकको प्रहरी/वडा कार्यालय, बालक्लव, बालसञ्जालमा खबर गरौं । बालविवाह रोकौं, बालबालिकाको सुनौलो भविष्य निर्माणमा आजैदेखि सबै लागौं ।

● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : श्रीया अफसेट प्रेस हेटौंडा ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेल: bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी